# मिति २०७८।०१।०३ गतेको नगर कार्यपालिका बैठकको निर्णयहरु

**निर्णय नं.१ :** नेपाल सरकार, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) द्वारा कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (संचालन तथा व्यवस्थापन) कार्यबिधि,२०७६ बमोजिम हाल ८ वटा तपसिल बमोजिमका कामका लागि पारिश्रमिकमा आधारित आयोजना संचालन गरिने निर्णय गरियो ।तपसिल

| क्र. स. | वडा नं. | आयोजनाहरुको नामः- | अनुमानित लागत | | | कूल रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | प्र.म.रो.का | नगर श्रोत | विधालय श्रोत | | |
| १ | १३ | वडा भित्रका विभिन्न नाला तथा बाटो सरसफाई कार्य | २४५५७५ | १५३५० | | २६०९२५ | ५१७दर*१९जना*२५दिन |
| २ | १३ | वडा भित्र वृक्षारोपण तथा हरियाली प्रवर्द्धन कार्य | १५५१०० | १२६२५ | | १६७७२५ | ५१७दर*१५जना*२०दिन |
| ३ | १४ | वडा भित्र चौलिका देखि भन्सारसम्म नाला सरसफाई | २१९७२५ | १४२२५ | | २३३९५० | ५१७दर*१७जना*२५दिन |
| ४ | १४ | वडा भित्र रहेका पोखरीहरुको संरक्षण र मर्मत सम्भार | २१९७२५ | १४२२५ | | २३३९५० | ५१७दर*१७जना*२५दिन |
| [illegible] | १४ | वडामा रहेका सार्वजनिक विधालयमा खेलमैदान निर्माण | २१९७२५ | १४२२५ | | २३३९५० | ५१७दर*१७जना*२५दिन |
| [illegible] | १९ | वडा भित्र रहेका विभिन्न बाटोमा ग्राभेल तथा माटोपटान | ६५१४२० | | | ६५१४२० | ५१७दर*६३जना*२०दिन |
| [illegible] | २० | वडा भित्र रहेको आदर्श मा.वि.मा तारवार कार्यक्रम | १५५१०० | १८८७५ | ५६५०० | २३०४७५ | ५१७दर*१५जना*२०दिन |
| | | नगरभित्र रहेको सम्पूर्ण मुख्य नालाहरुको सरसफाई कार्य | १०००००० | | | १०००००० | |
| | | **जमाजम्मा रकमः-** | **२८६६३७०** | **८९५२५** | **५६५००** | **३०१२३९५** | |

नोटः क) प्र.म.रो.का अन्तरगतको सम्पुर्ण रकम पारिश्रमिकमा (ज्याला) मात्र लाग्ने छ ।

## मिति २०७८।०१।०३ गतेको नगर कार्यपालिका बैठकको निर्णयहरु

ख) नगर श्रोत अन्तरगतका सम्पूर्ण रकम सम्बन्धित वडाले बेहोर्ने र यस रकमलाई निर्माण तथा सुरक्ष सामाग्रीहरुमा लगाइनेछ ।

**निर्णय नं.२ :** जिल्ला समन्वय समितिको कार्यालय नेपालगंज, बाँके प.स. ०७७।०७८ च.न. ७४९ मिति २०७७।१२।२ गतेको निर्णय कार्यान्वयन सम्बन्धमा निर्णय नं. ३ मा भएको निर्णय अनुसार नरैनापुर गाउँपालिक वडा नं. ४ खोदाँवा गाँउमा भएको अगलागीले ११५ घर जलेर क्षती भएको विषयमा यर उपमहानगरपालिका बाट २,००,०००।- (अक्षेरुपी रु दुई लाख मात्र) तत्काल राहात स्वरुप जिल्ल समन्वय समितिको कार्यालय नेपालगंज, बाँके लाई आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं.३ :** यस उपमहानगरपालिका वडा नं ८ मा संचालनमा रहेको मिनि चिडियाघरमा राखिएको कृष्णसार(भाले) बिरामी भएकोले मिनि चिडियाघरमा उक्त विरामी लाई सदर चिडियाघर, जाउलाखेल, ललितपुरमा उपचारकोलागि पठाउने निर्णय गरियो ।

**निर्णय नं.४ :** यस उपमहानगरपालिकामा रहेको विभिन्न विषयगत समितहरुमा हालै संयोजक ताकिनुभएका सदस्यहर यस अघि सदस्य रहेको स्थानमा मात्र सदस्यहरुको फेरबदल हुनेगरी समिति निर्माण गर्ने निर्णय गरियो ।

**निर्णय नं.५ :** यस उप-महानगरपालिका भित्र बागेश्वरी सौन्दर्यकरणकोलागि प्रदेश सरकारबाट प्राप्त बजेट अनुरुप मिति २०७७।०७।०३ गते बोलपत्र आवह्न गरि निशान निर्माण सेवाले लागत अनुमान भन्दा कम मूल्यमा सकार गरी काम सम्पन्न हुने अवस्थामा रहेकोले बाकी बचत रकमबाट बागेश्वरी सौन्दर्यकरणको लागि उपभोक्ता समितिबाट थप काम कल्वर्ट निर्माण,पूल,खालीजग्गा तारबार, १५ मी.ढुङगाको पर्खाल र कवुतरशाला निर्माण गर्न उपभोक्ता समितिलाई जिम्मेवारी दिने निर्णय गरियो ।

**तपसिल**

**लागत अनुमान ८२२९१६१।६५ (पि.एस.भ्याट कन्टीजेन्सी सहित)**

**प्रदेश बाट प्राप्त रकम ६६०००००।-**

**निसान निर्माण सग भएको सम्झौता रकम ४७९३३२८।५**

**फिजिकल कन्टीजेन्सी खर्च २७९९७१।३४**

**निर्णय नं.६ :** जिल्ला समन्वय समितिको कार्यालय नेपालगंज, बाँके प.स. ०७७।०७८ च.न. ७४९ मिति २०७७।१२।२४ गतेको निर्णय कार्यान्वयन सम्बन्धमा निर्णय नं. २ मा राष्ट्रपति रनिङ्गशिल्ड खेलकूद प्रतियोगिता संचालनमा नपुग रकम माग सम्बन्धमा यस उप-महानगरपालिकाबाट यस उप-महानगरपालिका को आ.व. ०७७।०७८ को बजेट किताव पाना नं. ४८ मा शिक्षा तर्फ सि.न. १५१ कवड्डी प्रतियोगिता शिर्षकको रु. ५०,०००।- (अक्षेरुपी पचासहजार मात्र) र सि.न. १५७ तेक्वान्दो प्रतियोगीता शिर्षकबाट रु १,००,०००।- (अक्षेरुपी रु एकलाख मात्र) गरी जम्मा रु. १,५०,०००।- (अक्षेरुपी एक लाख पचास हजारमात्र) राष्ट्रपति रनिङ्गशिल्ड खेलकुद प्रतियोगिता सञ्चालन समितिलाई दिने निर्णय गरियो ।

## मिति २०७८।०१।०३ गतेको नगर कार्यपालिका बैठकको निर्णयहरु

**निर्णय न.७ :** भुमिहीन दलित,भुमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लागि क्षेत्र निर्धारण सम्बन्धमा यस उप महानगरपालिकालाई तपसिल बमोजिम क्षेत्र निर्धारण गर्ने निर्णय गरियो ।

नेपालगंज उप-महानगरपालिका,नेपालगंज,बाँकेका १ देखि २३ वडालाई तपशिल बमोजिमका क्षेत्रमा बिभाजन गरिएका छन

१.शहरी क्षेत्र

हाल नेपालगंज उप-महानगरपालिका वडा नं. १ देखि १२ वडा सम्मका सबै क्षेत्र।

वडा नं. १३- रामबाग र बुलबुलिया क्षेत्र

वडा नं. १४- बालेगाउँ क्षेत्र

वडा नं. १५- जमुना गाउँ क्षेत्र

वडा नं. १६- जयसपुर गाउँ क्षेत्र

वडा नं. १७- वडा नं. १० को सिमाना देखि पश्चिम कृषि भवन चोक सम्मको क्षेत्र

वडा नं. १८- कारकाँदो चोक देखि सुर्खेत रोड वडा नं. २० को सिमाना सम्मका क्षेत्र

वडा नं. १९- आलेनगर हुदै सोल्टी होटेल देखि वडा नं. १८ र २२ को सिमाना सम्मको क्षेत्र

वडा नं. २०- वडा नं. १८ को सुर्खेत रोद सिमाना देखि सुर्खेत रोड जानकी गाउँपालिकाको सिमाना सम्म , एयरपोर्ट क्षेत्र सबै

वडा नं. २१- पुरैनी रोडको क्षेत्र

वडा नं. २२- पुरैनी रोड(रासि पाठ) को क्षेत्र

माथि उल्लेख गरिएका क्षेत्रको दायाँ/बाँया ३००/३०० मीटर सम्मको क्षेत्र

२.ग्रामिण क्षेत्र

यस अन्तर्गत वडा नं. १३,१४,१५,१६,१७,१८,१९,२०,२१,२२,२३ शहरी क्षेत्रमा तोकिएका क्षेत्र बाहेकको सबै क्षेत्र सम्झनु पर्नेछ।

**निर्णय न.८ :** यस उप-महानगरपालिका भित्र संचालित निल सागर आश्रम संचालन तथा व्यवस्थापन कोलागी आर्थीक सहयोग माग भई आएको विषयमा छलफल हुँदा यस विषयमा अध्ययन गरी प्रतिवेदन पेश गर्न तपसिल बमोजिम समितिलाई जिम्मेवारी दिने निर्णय गरियो ।

**तपसिल**

६ नं. वडा अध्यक्ष समिर प्रताप सिहं :- संयोजक
५ नं. वडा अध्यक्ष कैफुलवरा जोलाह : - सदस्य
७ नं. वडा अध्यक्ष जुमन खाँ : - सदस्य
९ नं. का.व.वडा अध्यक्ष सिमा के.सी : - सदस्य
१३नं. वडा अध्यक्ष विरेन्द्र बहादुर शाह : - सदस्य

# मिति २०७८।०१।०३ गतेको नगर कार्यपालिका बैठकको निर्णयहरु

**निर्णय न. ९ :-**

नेपालगंज उप-महानगरपालिका, नगरकार्यपालिका कार्यालयको नगर प्रमुखस्तरिय निर्णयानुसार लिलाम सूचना नं.१/०७७/७८ मिति २०७७/०८/२८ गते यस कार्यालयको जिन्सी आम्दानीमा रहेका बेकम्मा मालसामानहरु तथा बजार अतिक्रमण गर्नेहरुबाट बरामद गरिएका मालसामानहरु लिलाम विक्रि गर्नका लागि प्रकाशित सूचना, नगरकार्यपालिका बैठकको निर्णयानुसार लिलाम सूचना नं.२/०७७/७८ मिति २०७७/१०/११ गते यस कार्यालय अन्तर्गत रहेको नगर भवन परिशरको दक्षिण तर्फ रहेको भवन तथा सेड लिलाम विक्रि गर्नका लागि प्रकाशित सूचना र २ नं.वडा कार्यालयले पुरानो दैलेखी बंगला भत्काउदा संकलित पुराना बेकम्मा फलाम तथा ४ नं.वडा कार्यालयले कार्यालय भवनको छाना फेर्दा संकलित पुराना जस्ता पाता लिलाम विक्रि गरिदिनका लागि अनुरोध भए अनुरुप यस कार्यालयको नगर प्रमुखस्तरिय निर्णयानुसार लिलाम सूचना नं.३/०७७/७८ मिति २०७७/१०/१३ गते लिलाम विक्रिका लागि प्रकाशित सूचना बमोजिम रितपुर्वक पेश भएका अधिकतम अंक कबोल गर्ने बोलपत्रदातालाई विक्रि गरिएको सम्बन्धमा नगर कार्यपालिका बैठकमा छलफल सहित अनुमोदन गर्ने निर्णय गरियो साथै लिलाम विक्रि गर्दा नियमानुसार आन्तरिक राजस्व कार्यालयमा बुझाउनुपर्ने भ्याट बापतको रकम यस कार्यालयमा जम्मा भएकोले देहायमा उल्लिखित भ्याट रकम अक्षरुपी एक लाख एक हजार पाँच सय उनन‌असी पैसा तेह्र मात्र यस कार्यालयबाट अन्तरिक राजस्व कार्यालयमा बुझाउने प्रयोजनका लागि राजस्व फिर्ता शिर्षकबाट उक्त रकम फिर्ता गर्ने निर्णय गरियो।

देहायः

| सिनं. | लिलाम सूचना नं. प्रकाशित मिति | लिलाम सकार गर्ने बोलपत्रदाता | राजस्व शाखामा रकम दाखिला मिति | भ्याट सहित कुल कबोल तथा दाखिला रकम | भ्याट बाहेक कबोल अंक | भ्याट रकम |
|---|---|---|---|---|---|---|
| १. | १/७७/७८, २०७७/०८/२८ | मो. असलम हलवाई | २०७७/१०/०४ २०७७/१०/०५ | २६१५००.०० | २३१४१५.९३ | ३००८४.०७ |
| २. | २/७७/७८, २०७७/१०/११ | विजय पोखेल | २०७७/११/०६ | ४९१४४९.४३ | ४३४९११.०० | ५६५३८.४३ |
| ३. | ३/७७/७८, २०७७/१०/१३ | महमुद अहमद हलवाई | २०७७/१०/२९ | १३०००७.६३ | ११५०५१.०० | १४९५६.६३ |
| कुल जम्मा भ्याट रकमः अक्षरुपी एक लाख एक हजार पाँच सय उनन‌असी पैसा तेह्र मात्र। | | | | | | १०१५७९.१३ |

# मिति २०७८।०१।०३ गतेको नगर कार्यपालिका बैठकको निर्णयहरु

**निर्णय न. १० :-** चालु आ.व. २०७६।०७७ को स्वीकृत वार्षिक कार्यक्रम अन्तरगत यस उप-महानगरपालिकाको १,२,४,१०,११,२३,७,५, नं. वडामा निर्माण भइरहेको स्वास्थ्य केन्द्र निर्माणको लागि खड्का निर्माण सेवा, चिसापानी -३,बाँके संग सम्झौता भई निर्माण कार्य भइरहेकोमा वडा नं.११ कार्यालयमा जग्गा अभाव भएको कारणले उक्त वडा नं. ११ कार्यालयमा भवन बनाउन नसकिने अवस्था रहेको हँदा वडा नं. ७मा बन्ने भवनको लागि छुट्याइएको जग्गामा हालसालै माटो पटान भएकोले जग्गाको गहिराई बढ्न जाने र वडा कार्यालयको भवन सो स्वास्थ्य केन्द्र माथि बनाउने प्रस्ताव भएकाले उक्त स्वास्थ्य केन्द्रको Plinth area बढ्न जाने भएको हुदाँ वडा नं.११ को बजेट वडा नं. ७ मा बन्न लागेको आधारभुत स्वास्थ्य केन्द्रमा खर्च गर्ने निर्णय गरियो । र स्वास्थ्य केन्द्रको सेवा प्रवाहमा कुनै अप्ठ्यारो नपर्ने र यस उप- महानगरपालिकाको विभिन्न वडामा उपलब्ध भएको जग्गा अनुसार परिमार्जित नक्सा अनुसार निर्माण गर्ने निर्णय गरियो ।

**निर्णय न. ११ :-** यस उप-महानगरपालिका, ३ नं.वडाको सौन्दर्यकरणको लागि वडाबाट माग भई आएको विषयमा छलफल हुँदा एकलैनी बजारमा विद्युत जडान तथा अन्य सौन्दर्यकरण काम अत्यावश्यक देखिएकोले सो को लागि यस उप-महानगरपालिका नगरकार्यपालिकाले हाल रु ३,००,०००।-(अक्षेरुपि तिन लाख मात्र) उपलब्ध गराउने र सो वडाको वडागत बजेट आ.व. को अन्तमा बाकी रहेमा सोही बजेटमा हिसाब मिलान गर्ने निर्णय गरियो ।

**निर्णय न. १२ :-** यस उप-महानगरपालिका को कृषि तथा पशु शाखाबाट पेस भई आएको "कृषि तथा पशुपालन कृषक समुह,कृषक समिति दर्ता तथा नविकरण मापदण्ड, २०७७" अनुमोदन गर्ने निर्णय गरियो ।